प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

## कृषि, पशुपन्छी तथा मत्स्य मोडेल फार्मको लागि परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५/६/११

यस मन्त्रालय अन्तर्गतका निकायद्वारा आ.व. २०७५/०७६मा सञ्चालन गरिने कृषि, पशुपन्छी तथा मत्स्य मोडेल फार्म स्थापना सहयोगका लागि परियोजनाको पहिलो बर्षको लागतको बढीमा ५० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुंदा देहायबमोजिमको मोडल फार्मको किसिममा रहेर मोडेल फार्म सञ्चालन गर्न ईच्छुक गण्डकी प्रदेशका कृषि सम्बन्धि उद्यमी, फार्म, कम्पनी, समुह तथा सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निवेदन सम्बन्धित कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र सं | मोडेल फार्मको किसिम | परियोजनाको पहिलो बर्षको प्रस्तावित लागत | आवश्यक कागजातहरु | कैफियत |
|---|---|---|---|---|
| १ | साना मोडेल फार्म | रु. १० लाख सम्म | • कृषि फार्म वा कम्पनीको हकमा संस्थाको दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाण पत्र र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु। | १. प्रस्तावित परियोजनाको पहिलो बर्ष लागत रकम कम्तीमा रु. ५ लाख हुनुपर्नेछ । |
| २ | व्यवसाय उन्मुख मोडेल फार्म | रु. १० लाख माथि | • कृषक समुह र कृषि सहकारी संस्थाको हकमा को हकमा दर्ता प्रमाणपत्र, बार्षिक अडिट रिपोर्ट र संस्था सञ्चालक समितिको बैठक निर्णयको प्रतिलिपि । | |
| ३ | व्यवसायिक मोडेल फार्म | रु. २५ लाख माथि | • सम्बन्धित स्थानिय तह वा वडाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिसपत्र | २. कृषक समुह र कृषि सहकारी संस्थाको हकमा सामुहिक उत्पादन फार्म हुनुपर्नेछ। |
| ४ | उद्यमि मोडेल फार्म | रु. ५० लाख माथि | • सम्बन्धित स्थानीय तहको वडामा कृषक वर्गिकरण फारम भरी सूचिकृत भएको हुनुपर्ने । | |

**पुनश्च:** निवेदन र परियोजना प्रस्ताव यस मन्त्रालयबाट तयार गरिएको निर्दिष्ट ढांचामा पेश गर्नुपर्नेछ ।निवेदन र परियोजना प्रस्तावको ढांचा यस मन्त्रालयको वेभसाईट बाट डाउनलोड गर्न सकिनेछ वा सम्बन्धित कृषि ज्ञान केन्द्र र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट पनि माग गर्न सकिनेछ ।

**थप जानकारीका लागि सम्पर्क:**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश र मातहतका निकायहरु

Email- molmacprovince4@gmail.com

Website – molmac.p4.gov.np,

फोन नं ०६१-४६७८८५